# स्थानीय राजपत्र

**तानसेन नगरपालिकाद्वारा प्रकाशित**

खण्ड १) तानसेन, मंसिर महिना २९ गते २०७४ साल (संख्या ६)


भाग : २

तानसेन नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम तानसेन नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत २०७४ सालको कार्यविधि नं. ६

कार्यविधिको नाम : तानसेन नगरपालिकाको नगर सुत्केरी स्याहार खर्च
बितरण कार्यबिधि, २०७४

**प्रास्तवना :** नेपाल सरकारले प्रजनन र मातृ स्वास्थ्य कार्यक्रम प्राथमिकतामा राखेको कार्यक्रम हो । यस कार्यक्रमलाई तानसेन नगर क्षेत्रमा थप प्रभावकारी रुपमा संचालन गर्न तानसेन नगरपालिकाले आ.व. २०७४/०७५ को लागि स्वीकृत कार्यक्रम (बिनियोजन ऐन) प्रर्बद्धनात्मक कार्यक्रम अन्तर्गत शीर्षकमा सुत्केरी स्याहार कार्यक्रमका लागि बजेट बिनियोजन गरिएकोले उक्त बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि यो कार्यबिधि तयार गरी लागू गरिएको छ ।

१. **भाग १ संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "तानसेन नगरपालिकाको नगर सुत्केरी स्याहार खर्च बितरण कार्यबिधि, २०७४" हुनेछ ।

(२) यो कार्यबिधि नगर कार्यपालिकाबाट पारित भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यबिधिमा,

(१) "सुत्केरी" भन्नाले स्वास्थ्य केन्द्रमा गएर बच्चा जन्माउने महिलालाई जनाउनेछ ।

(२) "स्वास्थ्य केन्द्र" भन्नाले सरकारी स्वामित्वमा रहेको वा सरकारबाट मान्यता प्राप्त प्रसुति सेवा उपलब्ध भएको स्वास्थ्य केन्द्रलाई जनाउनेछ ।

(३) "सुत्केरी स्याहार खर्च" भन्नाले गर्भवती आमा र बच्चाको स्वास्थ्यलाई ध्यानमा राखी स्वास्थ्य केन्द्रमा गएर बच्चा जन्माउने आमालाई प्रोत्साहन स्वरुप नगरपालिकाबाट प्रदान गरिने नगद रकमलाई जनाउने छ ।

(४) "नगर कार्यपालिका कार्यालय" भन्नाले तानसेन नगर कार्यपालिकाको कार्यालयलाई जनाउने छ ।

(५) "नगद रकम" भन्नाले स्वीकृत कार्यक्रम वमोजिम सुत्केरी आमालाई प्रदान गरिने तोकिए वमोजिमको रकमलाई जनाउनेछ ।

**३. सुत्केरी स्याहार खर्च प्राप्त गर्न आवश्यक शर्त :**

देहायका अवस्था पूरा गरेको सुत्केरीले मात्र नगर सुत्केरी स्याहार खर्च प्राप्त गर्न सक्ने छन् ।

(१) सुत्केरी महिला तानसेन नगरपालिकाको स्थायी बासिन्दा हुनु पर्नेछ

(२) नगरपालिको स्थायी बासिन्दा नभएको तर नगरपालिका क्षेत्र भित्र व्यवसाय गरिरहेको नगरपालिकामा दर्तावाल व्यवसायी र मजदुरको परिवारको कुनै सदस्यले तानसेन नगरपालिका क्षेत्र भित्रको स्वास्थ्य केन्द्रमा गई बच्चा जन्माउने आमालाई पनि योग्य मानिने छ ।

(३) सुत्केरी स्याहार खर्च स्वीकृत आर्थिक वर्षको अवधि भित्र पहिलो वा दोश्रो सन्तान जन्माए बापत मात्र प्रदान गर्न सकिनेछ ।

(४) उपनियम (२) बमोजिमको मजदुरको हकमा सम्बन्धित वडाको वडा अध्यक्षले किटानी साथ सिफारिस गरेको हकमा मात्र प्राप्त गर्न सक्नेछ ।

**४. सुत्केरी स्याहार खर्च माग गर्ने बिधि :**

नियम ३ बमोजिमको योग्यता पुगेको सुत्केरी महिलाले सुत्केरी खर्च माग गर्न अनिवार्य रुपमा देहायको प्रक्रिया पूरा गर्नु पर्दछ ।

(१) अनुसूची-१ बमोजिमको निवदेन र निवेदनको साथमा सो सँग बच्चा जन्मिएको स्वास्थ्य केन्द्रबाट जारी भएको जन्म प्रमाण-पत्रको प्रतिलिपि थान १

(२) स्थायी बसोबास खुल्ने प्रमाण पत्र वा दर्तावाल व्यवसाय भए सोको प्रमाण-पत्रको प्रतिलिपि थान १ र गत आ.व. सम्मको व्यवसाय कर चुक्ता भएको प्रमाण थान १

(३) जन्म दर्ता प्रमाण-पत्रको प्रतिलिपि थान १

(४) अनुसूची-१ बमोजिमको निवेदनमा बच्चा पहिलो वा दोश्रो हो भनी यकिन गरी सिफारिस गर्ने जिम्मवारी सम्बन्धित वडाको महिला स्वास्थ्य स्वयंसेविकाको सहयोग र जाँचबुझको कार्य वडा अध्यक्षले गर्नु पर्दछ ।

(५) सुत्केरी स्याहार खर्च माग गर्ने दायित्व स्वयं सुत्केरीको हुनेछ ।

(६) सम्बन्धित आ.व. को लागि सुत्केरी स्याहार खर्चको वितरण सोही असार १५ सम्म मात्र हुनेछ ।

**५. भुक्तानी र अभिलेख व्यवस्थापन :**

सुत्केरी स्याहार खर्चको भुक्तानी तथा हिसाव कितावको अभिलेखीकरण प्रचलित आर्थिक ऐन नियम अनुसार गर्नु पर्नेछ ।

**६. व्याख्या तथा संशोधन :**

यो कार्यबिधिका बुँदाहरुलाई व्याख्या, संसोधन वा थपघट गर्ने अधिकार तानसेन नगर कार्यपालिकामा मात्र निहित हुनेछ ।

**अनुसूची-१**
**(कार्यबिधिको नियम ४ (१) सँग सम्बन्धित)**
**आबेदन फाराम**

| निवेदकको फोटो |
|---|

श्री तानसेन नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा ।

**विषय : सुत्केरी स्याहार खर्च पाउँ भन्ने बारे**

त्यस नगरपालिकाले सञ्चालन गरेको नगर सुत्केरी स्याहार कार्यक्रम अन्तर्गत सुत्केरी स्याहार खर्च प्राप्त गर्नका लागि आफूलाई योग्य ठानी यो आवेदन पेश गरेको छु । आवश्यक पर्ने तथ्य प्रमाणहरु यसै साथ संलग्न छन् । विवरणहरु सही सत्य छन्, झुटो ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**निवेदक**
नाम थर :
उमेर :
स्थायी ठेगाना :
टोल :
वडा नं. :
बच्चाको नाम : लिङ्ग :
स्वास्थ्य केन्द्रमा जन्म भएको मिति:
जन्म दर्ता गरिएको मिति :
प्रसुति सेवा लिएको स्वास्थ्य केन्द्र :
बच्चा (पहिलो सन्तान वा दोश्रो सन्तान)

श्री तानसेन नगर कार्यपालिकाको कार्यालय,
तानसेन, पाल्पा

निवेदकले माथि उल्लेख गरेको विवरण सही सत्य भएकोले सुत्केरी स्याहार खर्च उपलब्ध गराई दिनु हुन सिफारिस साथ अनुरोध छ ।

..................................
वडा अध्यक्ष, ता.न.पा.......

प्रमाणीकरण मिति : २०७४।८।२९

आज्ञाले
(जीवन ज्ञवाली)
प्रमुख प्रशासकीय अधिकृत